निर्वाचनको महायज्ञ सफल पार्न युवा पुस्तालाई राष्ट्रपति पौडेलको आग्रह

काठमाडौं, असोज ३० : राष्ट्रपति रामचन्द्र पौडेलले फागुन २१ गते हुने निर्वाचनको महायज्ञलाई सफल पार्दै इतिहास रच्न 'जेन-जी'हरूलाई आग्रह गरेका छन् । राष्ट्रपति भवन शीतल निवासमा बिहीबार प्रधानमन्त्रीसहित अन्तरिम सरकारका मन्त्री र जेन-जी अभियान्तहरूसँगको छलफलमा उहाँले निर्वाचनलाई अवसरको रूपमा लिनुपर्ने बताएका हुन् ।

राष्ट्रपति पौडेलले युवा पुस्ताले चलाएको आन्दोलनको चाहनाअनुसारको देश बनाउन नयाँ निर्वाचनमार्फत जनादेश लिएर अगाडि बढ्नुपर्छ भन्ने ध्येयले निर्वाचन घोषणा भएकाले यसलाई सामान्यरूपमा नलिन आग्रह गरेका थिए । 'युवा पुस्ताले चाहेको देश साँच्चिकै भ्रष्टाचार, नातावाद, कृपावाद, पक्षपातपूर्ण व्यवहारबाट मुक्त होस् र सही मानिसले देश चलाओस् भनेर नै नयाँ चुनाव घोषणा गरिएको छ', उनले भने, 'त्यसैले यो चुनावलाई

सामान्यरूपमा नलिई राष्ट्रको काँचुली फेर्ने महाअभियानका रूपमा प्रतिष्ठाको विषय बनाएर लाग्न युवाहरूलाई मेरो आग्रह छ ।'

राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले चुनावमा युवाहरु अघि सरेर राम्रो प्रतिनिधिसभा बनाउन आग्रह गरेको जानकारी दिए । 'चुनावमार्फत भ्रष्ट र बदमास जित्न नपाउन्, असल र इमान्दारहरु जितेर आऊन् । त्यसपछि देश न्यायको बाटोमा जानुपर्छ, सुशासनको बाटोमा जानुपर्छ र मुलुकले उन्नति गर्नुपर्छ । युवाहरु बाध्यताले विदेशपलायन हुने अवस्थाको अन्त्य हुनुपर्छ,' राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै प्रेस सल्लाहकार पोखरेलले भने ।

राष्ट्रपति पौडेलले यो संविधान र संसदीय प्रणालीमा राष्ट्रपति कार्यकारी नभए पनि युवाहरूले गरेको आन्दोलनको सम्मान गर्न आफ्नो उपस्थितिमा सरकारलाई सहभागी गराएर जेन-जीहरूका प्रतिनिधिलाई राखेर छलफल गरेको उल्लेख गर्दै आन्दोलनकारीहरूका बाँकी मागबारे सरकारले ध्यान विश्वास व्यक्त गरे ।

तीन उद्योगले तिरे 'डेडिकेटेड' तथा 'ट्रक्तलाइन'को विद्युत् महसुल बक्यौता

काठमाडौँ, असोज ३० । डेडिकेटेड तथा ट्रंकलाइनबाट विद्युत् उपभोग गरेका उद्योगले प्रिमियम महसुलको बक्यौता रकम नेपाल विद्युत् प्राधिकरणलाई तिर्न सुरू गरेका छन् । सम्राट सिमेन्ट, रोल्पा सिमेन्ट र नव नेपाल प्लास्टिक इन्डिस्ट्रिजले किस्ता तिरेका हुन् । तीनवटै उद्योगले विगतमा किस्ताबन्दीको सुविधा लिई बक्यौता रकम तिर्न सुरू गरेका थिए । तर, २८ किस्ता सुविधा लिएर केही बक्यौता रकम तिरेपछि गत वैशाखदेखि किस्ता तिर्न छाडेका थिए ।

सम्राट सिमेन्टले २०७२ माघदेखि २०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्र□लाइन प्रयोगबापतको थप महसुलको कुल तीन करोड ७७ लाख बक्यौता रकमलाई प्रतिकिस्ता १३ लाख ४९ हजार एक रूपैयाँ मासिक किस्ता हुनेगरी २८ किस्तामा बुझाउने स्वीकृति प्राधिकरणबाट लिएको थियो । उद्योगले चार किस्ता बुझाएपछि गत वैशाखबाट किस्ता बुझाउन छाडेको थियो । उद्योगले एकैपल्ट तीन किस्ताको ४० लाख ४७ हजार रूपैयाँ बुझाएपछि जेठसम्मको किस्ता चुक्ता भएको छ ।

कम्पनीले स्वीकृत किस्ता सुविधाबमोजिम गत असारदेखि असोजसम्म ११ किस्ता बुझाउनुपर्नेमा सात किस्ता मात्र बुझाएको थियो । बाँकी चार किस्ताको ५३ लाख ९६ हजार रूपैयाँ बुझाउन पुनःपत्राचार गरिएको र उद्योगले उक्त रकम तिरी बाँकी किस्ता नियमितरूपमा तिर्ने बताएको प्राधिकरण, प्रदेश डिभिजन कार्यालय, नेपालगञ्जका प्रमुख दीपक गौतमले जानकारी दिए ।

यसैगरी, रोल्पा सिमेन्टको ९९ लाख १२ हजार बक्यौता रकमलाई प्रतिकिस्ता तीन लाख ५४ हजार रूपैयाँ एक मासिक किस्ता हुनेगरी २८ किस्तामा बुझाउने स्वीकृति प्राधिकरणबाट लिएको थियो । छ किस्ता तिरेपछि उद्योगले तिर्न छाडेको थियो । उद्योगले पाँच किस्ताको १७ लाख ७० हजार रूपैयाँ एकैपल्ट तिरी नियमित किस्ता तिर्ने अवस्थामा पुगेको छ । अब उद्योगको १७ किस्ता तिर्न बाँकी छ । त्यस्तै, नवनेपाल प्लास्टिक इन्डिस्ट्रिज १२ किस्ताको एक लाख २३ हजार रूपैयाँ तिरेर बक्यौता रकम चुक्ता गरेको छ ।

केयर रेटिङ नेपालद्वारा ६० प्रतिशत लाभांश घोषणा

काठमाडौं, असोज ३० । रेटिङ एजेन्सी केयर रेटिङ नेपाल लिमिटेडले लाभांश घोषणा गरेको छ । कम्पनीको पछिल्लो पटक बसेको सञ्चालक समिति बैठकले लाभांश दिने निर्णय गरेको हो । संस्थाले लाभांश प्रस्ताव पेश गर्न साधारण सभा पनि बोलाएको छ ।

कम्पनीले यही कार्तिक ३० गते हुने सभा मार्फत ६० प्रतिशत नगद लाभांश (कर सहित) दिने प्रस्ताव पेश गर्नेछ । आर्थिक वर्ष २०८१-८२ को नाफा नोक्सान सम्बन्धी हिसाबका सम्बन्धमा छलफल हुनेछ । आर्थिक वर्ष २०८२-८३ का लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने लगायतका एजेन्डाहरू पनि रहने कम्पनीले जानकारी दिएको छ ।

SHREE SAMPANNA Saving & Credit Co-operative Ltd.
श्री सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.

सुचना ! सुचना !! सुचना !!!

मिती २०८२/०६/३१

!! कार्यालय स्थानान्तरण सम्बन्धमा !!

यस सहकारी संस्थाको मिती २०८२/०६/०८ गते बसेको संचालक समितीको बैठकको निर्णय, विदुर नगरपालिका, नगर कार्यापालिकाको मिती २०८२/०८/२९ को च.नं. १०२५ को पत्रबाट कार्यालय स्थानान्तरणको सिफारिस, लिखुँ गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयको मिती २०८२/०६/२८ को च.नं. २९४ को पत्रबाट कार्यालाय स्थानान्तरणको अनुमति र बाग्मती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी तथा गरिबी निवारण महाशाखाको मिती २०८२/०६/३० को च.नं. २८ को कार्यालय स्थानान्तरणको लागि स्वीकृती पत्र बमोजिम मिती २०८२/०७/०१ गते देखी यस सहकारी संस्था नुवाकोट जिल्ला लिखुँ गाउँपालिका वडा नं. १, ढिकुरेबजारमा स्थानान्तरण गरी कार्यालयको दैनिक कारोवार सँचालन गरिने व्यहोरा संस्थाका सम्पुर्ण शेयर सदस्यहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

सम्पर्क :-
९८४१७५६७०४ (व्यवस्थापक)
९८५१२७९९३९ (सचिव)

व्यवस्थापक
श्री सम्पन्न व.त.ऋ.स.स.लि.

P.O. Box: 8974, CPC 343, Battar Bazar, Nuwakot, Nepal Tel: 010-561193
E-mail: shreesampanna@gmail.com

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६९/०१/१७ मा दर्ता भएको प्रा.लि.नं. ९२७६२ को **आई.टि.इन्कर्पोरेट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२९ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरासम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदाबी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७३/१२/२८ मा दर्ता भएको प्रा.लि.नं. १६६८६३ को **उत्पाल कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु- बुझाउनुपर्ने दायित्व भए प्रमाणसहित हकदाबीको लागि ३० दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनुहुनसम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदाबी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
सडक डिभिजन विराटनगर

ठेक्का सम्झौता किन अन्त्य नगर्ने बारे अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति:२०८२/०६/३१ गते)

यस डिभिजन अन्तर्गत तपशिल बमोजिमका ठेक्काहरू अर्न्तगतका सडक/पूल निर्माण कार्यको प्रगति सन्तोषजनक नरहेको तथा लामो समय व्यतित हूंदा पनि कार्य प्रगतिमा सूधार नभएको सन्दर्भमा पटक पटक मौखिक तथा लिखित निर्देशन दिइएकोमा हालसम्म पनि कार्य प्रगतिमा सूधार नभएको, पेश भएको कार्यतालिका वमोजिम कार्य नभएको, साथै कार्य सम्पन्न गर्ने तर्फ अग्रसर भएको नदेखिएको हूंदा उक्त ठेक्का किन अन्त्य नगर्ने सम्बन्धमा ठोस कारण तथा प्रमाण सहित १५ (पन्द्र) दिन भित्र ठेक्का संग सम्बन्धित आधिकारिक प्रतिनिधि स्वयम् यस कार्यालयमा उपस्थित भई औचित्य सहितको लिखित जवाफ पेश गर्नु हुन अनुरोध छ । अन्यथा ठेक्का सम्झौताका शर्तहरू तथा सार्वजनिक खरिद ऐन २०६३ एवम् सार्वजनिक खरिद नियमावली २०६४ सहित प्रचलित कानुन बमोजिम ठेक्का अन्त्य गर्ने तर्फ कारबाही अगाडि बढाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपशिलः

सि.नं.	ठेक्का. नं.	ठेक्का विवरण	निर्माण व्यावसायीको नाम
१	SMBCP/070/71-04	मारिया बक्राहा खोला पुल डाइनिया पथरी सडक	निलगिरी निर्माण सेवा
२	SMBCP-03/072/73	जरूवापानी राजघाट बोक्स कल्भर्ट, मोरङ्ग	कृष्ण निर्माण सेवा
३	SMBCP-08/072/73	थलाहा खोला पुल, मधेली ३ डोडा टोल चाँदबेला	निलगिरी निर्माण सेवा
४	MYC-40/068/69	उर्लावारी मधुमल्ला सडक कालोपत्रे	प्रेरा-ज्योति जे.भी.
५	SRCTIP-DOR-WPM-RDBRT-NCB-02	Periodic Maintenance works at Mahendra Highway (Itahari - Mawa Khola Bridge section), Mahendra Highway (Itahari - Sakhuwagachhi Road section) & Koshi Highway (Base Camp, Dharan to Bhedetar Road section	हिम सगरमाथा-बि एण्ड बि-आर वान जे.भी.

डिभिजन प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन नुवाकोट

ठेक्का अन्त्य किन नगर्ने ? सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०६/३१)

यस डिभिजन अन्तर्गत रहेका निर्माण व्यवसायीहरूले ठेक्काको म्याद बिति सक्दा पनि कार्य सम्पन्न गर्ने तर्फ कुनै पहल नगरेको, पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा पनि निर्माण कार्यप्रति वेवास्ता गरी उदासिनता देखाएको हुँदा ठेक्का सम्झौताको प्रावधान अनुसार ठेक्का अन्त्य किन नगर्ने? ठेक्का अन्त्य गर्नु नपर्ने कुनै कारण भए त्यस्तो कारण, संशोधित कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित सम्पूर्ण निर्माण कार्यका आइटमहरू सुचारू गरी यो सुचना प्रकाशित मितिले १५ दिन भित्र कम्पनिका प्रोप्राइटरहरू स्वयम् यस डिभिजन कार्यालयमा उपस्थित हुनका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा खरिद सम्झौताका प्रावधान बमोजिमको कारवाही अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ ।

ठेक्का नं.	निर्माण व्यवसायी	निर्माण कार्यको विवरण	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	हालसम्मको प्रगति
DRONKT/33732 04/7475/19(re)	Bhandar Thoutung Nirman Sewa Pvt. Ltd., Kathmandu	Construction of 20.0 m, One Span, Simply Supported, Cast in situ, 2 webbed Reinforced concrete slab-deck bridge Over chhepar river, Gangate-Landhu-Samundratar-Golphubhanjyang Road, Nuwakot	2075-03-27	2079-09-28	94.33%
DROBHT/337157-4/073/74-118	Hira and Namita Construction Pvt. Ltd., Kathmandu	Construction of Prestressed bridge over Manpang Khola, Dhading	2074-03-29	2078-12-30	79.43%

डिभिजन प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

कार्य सम्पन्न नगरे ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना

सूचना प्रका शित मिति :२०८२/०६/३१

यस डिभिजन अन्तर्गत तपसिलमा उल्लेखित ठेक्का तथा योजनाहरूको पटक पटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै निर्माण व्यवसायीबाट चासो नदेखाई निर्माण कार्य अधुरो तथा अलपत्र पारी बिगत लामो समय देखि कार्यस्थलमा निर्माण व्यवसायी भौतिक रूपमा उपस्थित विहिन रहेको साथै यस डिभिजनबाट विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा निर्माण कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशन मितिले १५ दिन भित्र कार्य सम्पन्न गर्न सक्ने संसोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टिकरण सहित आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ।उपरोक्त अवधिमा कार्य शुरू गर्ने तदारूकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ र ठेक्का सम्झौताको तालिकामा उल्लेखित न्ऋऋ ऋबिगकभ मा प्रावधान भए बमोजिम ठेक्का सम्झौता अन्त्य गरि कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, धरौटी वापतको रकम, पेश्की जमानत जफत र पेश्की रकमको १०% व्याज असुल गर्नुको साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने समेत जानकारी गराइन्छ ।

तपसिलः

सि.नं.	ठेक्का नं.	निर्माण व्यवसायीको नाम	कार्यको नाम	खरिद सम्झौताको GCC Clause No.
1	DROCNP/337 1574-072/73-71	पप्पु/शिवशंकर जे.भी. गरूडा, रौतहट	Construction of Prestressed RCC Bridge over Tarhari River in Pipariya (do) sadak, Rautahat	57.2 (a) र (b)
2	DROCNP/337 1574-073/74-01	पप्पु/शिवशंकर जे.भी. गरूडा, रौतहट	Construction of Pre-Stressed RCC Bridge Over Lamaha River Bridge along Harsaha Chowk on Chandranigahpur-Gaur Road (Simara Bhawanipur VDC ward no. 4 Partapur Paltuwa VDC Ward no 9) Rautahat	57.2 (a), (b) र (c)
3	DROCNP/337 1574-073/74-02	पप्पु/शिवशंकर जे.भी. गरूडा, रौतहट	Construction of Pre-stressed RCC Bridge over Laukaha River Bridge along Chapur-Sukhdev Chowk (Highway)-Laukaha, Rautahat	57.2 (a), (b) र (c)
4	DROHTD/337 1574-070/71-140	मृत संजीवनी निर्माण सेवा प्रा.ली., हेटौडा, मकवानपुर	Construction of Jhanj Nadi Bridge in Rajpur Tulsi Chowk Pipara Road, Rautahat	58.2 (a) र (b)
5	RDCNP/337 011224-078/79-02	दिवा/नियाग्रा/लक्ष्मण रेखा जे.भी., सातदोबाटो, ललितपुर	Construction of RCC Bridge (2x25m) Works over Jhanjh Khola Bridge at Mithuawa, Rautahat	72.1 (a), (b) र (c)

डिभिजन प्रमुख